# लोक सेवा आयोग
# बुटवल कार्यालय
(परीक्षा शाखा)

बुटवल, रूपन्देही


## खरिदार वा सो सरह (अप्राविधिक) पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना।

**सूचना नं. १८४/०८०-८१, मिति २०८१/०२/२४ गते**

लोक सेवा आयोग, बुटवल कार्यालयको विज्ञापन नं. **१३८०८-१३८१३/०८०-८१ (खुला तथा समावेशी)**, **नेपाल न्याय** सेवा, **न्याय** समूह र **नेपाल प्रशासन** सेवा, **सामान्य प्रशासन** समूह, एकीकृत परीक्षा प्रणाली अन्तर्गत रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक), **खरिदार वा सो सरह** पदमा **बुटवल परीक्षा केन्द्र** राखी **प्रथम चरणको परीक्षा** उत्तीर्ण भएका उम्मेदवारको **द्वितीय चरण**को लिखित परीक्षा कार्यक्रम निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी **लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१)** बमोजिम परीक्षा शुरू हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरू **द्रष्टव्य १** मा उल्लेख गरिएको छ।

### परीक्षा कार्यक्रम

| क्र.सं. | पत्र | विज्ञापन नं. | पद | विषय | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|---|---|
| १. | द्वितीय | १३८०८-१३८१३/०८०-८१ (खुला तथा समावेशी) | खरिदार वा सो सरह | कार्यालय व्यवस्थापन (Office Management) | २०८१/०३/१४ गते दिनको २:०० बजे | २ घण्टा ३० मिनेट |
| २. | तृतीय | | | कार्य ज्ञान सम्बन्धी (Job Knowledge Related Subject) | २०८१/०३/१५ गते दिनको २:०० बजे | |

### परीक्षा केन्द्र

| क्र.सं. | रोल नम्बर | | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १. | ५५०००५ | ५५१०२९ | २०० जना | श्री सिद्धेश्वर लाल कुमारी मा.वि., द्विपनगर, बुटवल |
| २. | ५५१०३४ | ५५२१९१ | २०० जना | श्री जनता मा.वि., रामनगर, बुटवल |
| ३. | ५५२१९४ | ५५३५३४ | २०० जना | श्री बुटवल कालिका क्याम्पस, रामनगर, बुटवल (केन्द्र-"क") |
| ४. | ५५३५३९ | ५५४७०२ | २०० जना | श्री बुटवल कालिका क्याम्पस, रामनगर, बुटवल (केन्द्र-"ख") |
| ५. | ५५४७०७ | ५५६२७८ | २३९ जना | श्री बुटवल कालिका क्याम्पस, रामनगर, बुटवल (केन्द्र-"ग") |

**द्रष्टव्य १**:-

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ।
२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराईने हुँदा **प्रवेश पत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ।
३. परीक्षा भवनमा **झोला, मोबाईल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरू लैजान निषेध** गरिएको छ।
४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुनेछैन।
५. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र सँगै आफ्नो **नागरीकताको प्रमाणपत्र** वा **नेपाल सरकारबाट जारी भएको फोटो सहितको कुनै सक्कलै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनुपर्नेछ।
६. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ।
७. तोकिएको परीक्षा भवन भन्दा बाहेक अन्य परीक्षा भवनमा कुनै पनि उम्मेदवारलाई सम्मिलित गराइने छैन।

| | | |
|---|---|---|
| (पुरुषोत्तम चौधरी) | (चेतन कुमार अधिकारी) | (हर्क बहादुर रोका) |
| कम्प्युटर अपरेटर | नायब सुब्बा | शाखा अधिकृत |